# नेपाल राजपत्र

## भाग ५

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन १९ गते २०३२ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ को सरकार, नेपाल र स्वीस महासंघ सरकारका बीच अगस्त ६, १९७४ तदनुसार २०३१ साल श्रावण २२ गते भएको विकास ऋणसम्बन्धी सम्झौताको प्रामाणिक प्रतिहरू नेपाली, फ्रेन्च र अंग्रेजी भाषामा भएकोमा त्यसको नेपाली र अंग्रेजी भाषाको प्रतिहरू सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

श्री ५ को सरकार, नेपाल र स्वीस महासंघ सरकारका बीच १ करोड ५० लाख स्वीस फ्रेंकको विकास ऋणसम्बन्धी

सम्झौता

श्री ५ को सरकार, नेपाल तथा स्वीस महासंघ सरकार दुई देश बीचको मैत्रीपूर्ण सम्बन्धलाई ध्यानमा राखी, विकासको क्षेत्रमा निकटतम सहयोगद्वारा यस सम्बन्धलाई सुदृढ गर्न इच्छुक रही नेपाल अधिराज्यको आर्थिक विकासमा अझ बढी सहयोग पुऱ्याउने इरादाले देहाय-बमोजिम गर्न मञ्जुर गर्दछन् :–

धारा–१

श्री ५ को सरकार, नेपाल (यसपछि ऋणी भनिने) लाई स्वीस महासंघ सरकार (यस पछि ऋणदाता भनिने) ले १ करोड ५० लाख स्वीस फ्रेंक (एक करोड पचासलाख स्वीस फ्रेंक) सुनकोशीको पूर्व क्षेत्रलाई सुगम गराउने एक सडक निर्माण कार्यको लागि ऋण स्वरूप प्रदान गर्नेछ । यो सडक लामो सांगुदेखि शुरू गरी जिरी क्षेत्र (यसपछि आयोजना भनिने) सम्म पुग्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०५

ऋणीले यस आयोजनालाई पूरा गर्न कम्तिमा ने. रू. २ करोड व्यहोर्नु पर्ने कुरा तय भएको छ।

धारा–२

ऋणी र ऋणदाता बीच भएको मञ्जुरीबमोजिम विदेशी मुद्रामा प्राप्त हुने यो ऋण यस आयोजनाको लागि आवश्यक निर्माण सामग्री, सेवा तथा स्थानीय खर्चको लागि उपयोग गरिनेछ।

धारा–३

यो ऋण यसैसाथ संलग्न प्रोटोकल, जुन यस सम्झौताको एक अभिन्न अङ्गको रूपमा रहेको छ, को शर्तहरू अनुसार ऋणीको मातहतमा सुम्पिनेछ।

धारा–४

ऋणीले ऋणको उपयोग गरेको रकमको अनुपातमा वार्षिक ०.७५ प्रतिशत (एकको तीन चौथाई) का दरले व्याज बुझाउनु पर्नेछ।

ऋणदाताले पहिलो भुक्तानी गरी सकेपछि जुन पहिले आउँछ त्यहीबाट शुरू हुने गरी प्रत्येक वर्षको ३० जून तथा ३१ डिसेम्बरमा प्रत्येक आउने वर्षहरूमा व्याजको भुक्तानी गर्नु पर्नेछ।

धारा–५

ऋणीले ३० जून १९८५ देखि शुरू गरी स्वीस फ्रयांक १,८७,५०० (एक लाख सतासी हजार पाँचयस स्वीस फ्रयांक) का दरले असी अर्ध वार्षिक किस्ताबन्दीमा हरेक वर्षको ३० जून र ३१ डिसेम्बरमा ऋण रकमको भुक्तानी गर्नु पर्नेछ।

यदि धारा १० मा व्यवस्था भए अनुसार यस ऋणको पूरा उपयोग नभएमा आपसी सम्झौताद्वारा भुक्तानीको एउटा संशोधित तालिका तयार गरिनेछ।

ऋणदातालाई ऋणको एकमुष्ठ या आंशिक रूपमा ऋणको रकम अगावै भुक्तानी गर्ने कुरामा ऋणीको स्वेच्छामा निर्भर रहनेछ।

धारा–६

यस ऋणको सांवा र व्याजको भुक्तानी स्वीस महासंघको स्वीस नेशनल बैङ्कमा रहेको खातामा स्वतन्त्र र प्रचलनमा रहेको स्वीस फ्रयाँकमा गरिनेछ।

धारा–७

ऋणीले यस ऋण रकम वा त्यसबाट उठेको रकममा ऋणदातालाई सबै किसिमको कर दस्तूर आदिको छुट दिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारा–८

ऋणदाता र ऋणीको बीच अन्यथा मन्जुर भएमा बाहेक, यस सम्झौताको धारा १मा उल्लेख भएको आयोजनाको लागि यस ऋणबाट खर्च व्यहोरिने गरी आवश्यक पर्ने पूंजीगत सरसामान, तथा सेवा उपलब्ध गराउँदा अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको आधारमा गरिनेछ।

यो सम्झौता कार्यान्वियनसम्बन्धी प्रोटोकलको खण्ड ३ मा तोकिएका शर्तहरू यस ऋण रकमबाट व्यहोरिने सामग्रीको आपूर्तिसम्बन्धी करारनामाहरूमा लागू हुनेछन्।

धारा–९

ऋणीको देशमा प्रचलित कानूनबमोजिम लाग्ने भन्सार महसूल, दस्तूर, फी, र अन्य सबै किसिमको कर आदि यो ऋण रकमबाट तिरिने छैन र ऋणीको देशभित्र मालसामान तथा सेवाहरूमा लाग्ने अन्य कानूनहरू अनुसार कर तथा उत्पादन र आपूर्ति सम्बन्धमा पनि कुनै कर तिर्नु पर्ने भएमा त्यसमा पनि प्रयोग गरिने छैन।

धारा–१०

ऋणीले यो आयोजनासंग सम्बन्धित करारनामाहरू वापत भुक्तानी दिन यो सम्झौता लागू भएको मितिदेखि आठ वर्षसम्म अथवा यस सम्झौताको सम्बन्धित दुबै पक्षले मञ्जुर गरेको मितिसम्म यस ऋणबाट रकम निकाल्न सक्नेछ।

धारा–११

यस सम्झौताको व्याख्या वा कार्यान्वियनसम्बन्धी व्यवस्थाहरू बारे विवाद उठेमा र सो ६ महीनाभित्रमा कुटनैतिक वार्तालापद्वारा सन्तोषजनकतवरले यसको समाधान हुन नसकेमा यस सम्झौताको कुनै एक पक्षको अनुरोधमा तीन सदस्यीय एक मध्यस्थ अदालतमा यस विवादलाई पेश गरिनेछ।

यस सम्झौताको प्रत्येक पक्षले एकजना मध्यस्थ नियुक्त गर्नेछन्। यी दुई मध्यस्थहरूले तेस्रो मुलुकको अर्को एकजना नागरिकलाई अध्यक्षको रूपमा मनोनीत गर्नेछन्।

यदि कुनै एक सम्बन्धित पक्षले आफ्नो मध्यस्थको नियुक्ति नगरेमा र दुई महीनाभित्र हुनु पर्ने सो मनोनयन बारे अर्को पक्षको प्रस्तावलाई ख्याल नगरेमा एक अर्को सम्बन्धित पक्षको अनुरोधमा अन्तर्राष्ट्रिय न्यायालयको अध्यक्षद्वारा मध्यस्थको नियुक्ति गरिनेछ।

यदि मध्यस्थहरू नियुक्त भएको २ महीनाभित्र तेस्रो मध्यस्थ (अध्यक्ष) को छनौट गर्नमा दुबै मध्यस्थहरूको बीच आपसमा सम्झौता हुन नसकेमा पछिल्लो मध्यस्थलाई कुनै सम्बन्धित पक्षको अनुरोधमा अन्तर्राष्ट्रिय न्यायालयको अध्यक्षद्वारा नियुक्ति गरिनेछ।

यदि यस धाराको प्रकरण २ र ३ मा तोकिएको विषयहरूमा अन्तर्राष्ट्रिय न्यायालयको अध्यक्षलाई आफ्नो कार्य पूरा गर्न बाधा पर्न गएमा अथवा नीज त्यो सम्झौता गर्ने कुनै सम्बन्धित पक्षको नागरिक ठहरेको खण्डमा यस्तो नियुक्ति उक्त न्यायालयको उपाध्यक्षले गर्नेछन् र यदि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपाध्यक्षलाई पनि त्यस्तो काम पूरा गर्न बाधा परेमा वा नीज सम्झौता गर्ने कुनै सम्बन्धित पक्षको देशको नागरिक भएमा दुबै पक्षको नागरिक नभएको उक्त न्यायालयको अर्को वरिष्ठ न्यायाधीश-द्वारा नियुक्ति गरिनेछ। दुबै सम्बन्धित पक्षले अन्यथा व्यवस्था गरेको कुराको अधीनमा रही यस अदालतले आफ्नो कार्यविधि निर्धारण गर्नेछ र प्रत्येक सम्बन्धित पक्षले यो मध्यस्थता गर्ने अदालतको खर्च आधा आधाको हिसाबले व्यहोर्ने छन्।

यस अदालतको फैसला दुबै सम्झौता गर्ने पक्षको लागि अन्तीम र बाध्य हुनेछ।

## धारा–१२

ऋणीले आफूले उपयोग नगर्ने ऋण रकमको कुनै पनि भाग ऋणदातालाई सूचना दिई खारेज गर्न सक्नेछ।

यो सम्झौता अन्तर्गतको आफ्नो दायित्व र बचनबद्धता ऋणीले पूरा गर्न नसक्ने अवस्था आएमा ऋणदाताले ऋणीको ऋण रकम उठाउन पाउने अधिकार एकमुष्ठ वा आंशिक रूपमा निलम्बन गर्न सक्नेछ।

यदि उक्त त्रुटी जसबाट ऋण रकम उठाउने अधिकारबाट ऋणीलाई निलम्बन गरिएको छ सो कुरा ऋणदाताले ऋणीलाई सूचना दिएको ६० साठी दिनभन्दा बढी अवधिसम्म पनि त्यस्तो त्रुटी कायमै रहेमा ऋणदाताले यस ऋणबाट भुक्तानी गरेको रकम एकमुष्ठ चुक्ता गर्न कुनै पनि समयमा दावी गर्न सक्नेछ।

## धारा–१३

यस सम्झौता अन्तर्गत कुनै सूचनाहरू, अनुरोधहरू वा सम्झौताहरू लिखित रूपमा यसैसाथ संलग्न प्रोटोकलको भाग ६ मा उल्लेख गरिएको अधिकारीहरूलाई दिने व्यवस्था गरिनेछ।

## धारा–१४

यो सम्झौता त्यस दिनदेखि लागू हुनेछ जब दुबै सरकारले आपसमा यो सम्झौता लागू गर्ने संवैधानिक आवश्यकताहरू पूरा भएको कुरा खबर गर्दछन्।

काठमाडौंमा श्रावण २२, २०३१ मा २ प्रति सक्कल नेपाली भाषामा, २ प्रति सक्कल फ्रेञ्च भाषामा र २ प्रति सक्कल अंग्रेजी भाषामा गरी जम्मा ६ सक्कल प्रतिहरूमा हस्ताक्षर भयो। यी सबै प्रतिहरू बराबर मान्य हुनेछन्। तर व्याख्याको सम्बन्धमा मतभेद उत्पन्न भएमा अंग्रेजी प्रति मान्य हुनेछ।

(द. भरतबहादुर प्रधान)
श्री ५ को सरकार, नेपालको तर्फबाट

(द. फ्रिज रियाल)
स्वीस महासंघका सरकारको तर्फबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०८

## श्री ५ को सरकार, नेपाल तथा स्वीस महासंघ सरकार बीच भएको एक करोड पचास लाख स्वीस फ्रयांक विकास ऋणसम्बन्धी सम्झौतालाई कार्यान्वयन गर्ने प्रोटोकल

श्री ५ को सरकार, नेपाल तथा स्वीस महासंघ सरकारको बीच १ एक करोड ५० लाख स्वीस फ्रयांक बराबरको विकास ऋण श्री ५ को सरकारलाई प्रदान गर्ने बारे आज हस्ताक्षर भएको सम्झौताको सिलसिलामा दुबै पक्षले देहायबमोजिम गर्न मन्जुर गर्दछन्:–

१. ऋणको उपयोग:-यो ऋण सुनकोशीको पूर्व क्षेत्रलाई सुगम गराउने उद्देश्यले लामोसांगुदेखि शुरू गरी जिरी क्षेत्रसम्म पुग्ने एक खण्डाश्रित सडक निर्माण गर्न आवश्यक पर्ने मालसामान र सेवाहरू बापत लाग्ने खर्च व्यहोर्न ऋणीले प्रयोग गर्नेछ। यो सडकको महत्वपूर्ण कार्य खाली दुई अथवा तीन आर्थिक केन्द्रहरूलाई जोड्ने मात्र नभै उक्त क्षेत्रमा सर्वतोमुखी विकाससम्बन्धी क्रियाकलापहरूको आधार स्तम्भको रूपमा हुनेछ। यस आयोजनाको उद्देश्य मानिसहरूलाई सरसामानको आवागमनको सुविधा मात्र दिने नभै वन जङ्गल, चरणभूमि र खेती योग्य भूमिमा आवहवा अनुसार मिल्ने आवश्यक सेवा पुऱ्याउन मद्दत गर्नु हुनेछ। यो सडकको निर्माण कार्यमा स्थानीय जनसंख्यालाई लाभ पुऱ्याउने दृष्टिकोणले सकेसम्म धेरै रोजगारी बढाउन श्रम–प्रधान प्रविधि प्रयोग गरिनेछ। पहाडी प्रदेशको सर्वतोमुखी विकाससम्बन्धी प्रादेशिक विचार धाराको एक अभिन्न अङ्गको रूपमा यो सडक निर्माण आयोजना सरकारी निकायहरू र सम्बन्धित पञ्चायतहरूको बीच सहयोगको आधार हुनेछ।

२. यस ऋणबाट खर्च व्यहोरिने मालसामान र सेवाहरूको फेहरिस्त सेवाहरू:–

(क) निर्माण कार्यको विस्तृत डिजाइन र रेखदेख समेत इन्जिनीयरिङ्ग खर्चहरू,
(ख) निर्माण खर्चहरू,
(ग) यस आयोजनासंग प्रत्यक्ष सम्बन्ध भएका अन्य सेवाहरू।

मालसामानहरू:–

सडक सर्वेक्षण तथा आयोजनाको निर्माणको लागि आवश्यक उपकरण र सरसामानहरू।

३. यस ऋण रकमबाट सरसामान र सेवाहरू उपलब्ध गर्ने विधि:–

(१) आयात गरिने मालसामान र सेवाहरू उपलब्ध गर्ने विधि:–

(क) सेवाहरू

माथि उल्लेखित दफा २ को उपदफा (१) मा उल्लेख भए अनुसार यो आयोजना कार्यान्वयन गर्न आवश्यक सल्लाहको सेवाको सम्बन्धमा ऋणीले ऋणदातालाई स्वीकृत हुने गरी सन्तोषजनक शर्तमा विशेष दक्षता भएका सल्लाहकारहरू नियुक्ति गर्नेछ।

(ख) मालसामानहरू

टेण्डर आह्वान गर्नुभन्दा पहिले ऋणीले ऋणदाताको प्रतिक्रियाको निमित्त टेण्डर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आह्वान गरिने सूचना, टेण्डरसम्बन्धी अन्य कागजात तथा खास विवरणहरू र टेण्डरका विज्ञापन प्रणालीसम्बन्धी विवरण साथै पठाउनु पर्नेछ र ऋणीले त्यस्तो कागजात तथा विधिहरूमा ऋणदाताले मनासिव माफिकको अनुरोध गरेमा आवश्यक संशोधन समेत गर्नेछ।

यो टेण्डरसम्बन्धी कागजातहरूमा अरू बढी संशोधन गर्न परेमा टेण्डर प्रकाशित हुनुभन्दा पहिले ऋणदाताको सहमति आवश्यक पर्नेछ। टेण्डर प्राप्त भै त्यसको जाँचबुझ भएपछि कसलाई ठेक्का दिने भन्ने अन्तीम निर्णय गर्नु भन्दा अगाडि ऋणीले ऋणदातालाई ठेक्का पाउने व्यक्तिको नाम पर्याप्त समय दिई ऋणदाताको पुनरावलोकनको लागि खबर गर्नु पर्नेछ र साथै प्राप्त भएको टेण्डरहरूको तुलनात्मक मूल्याङ्कन भएको उक्त प्रतिवेदन र सो ठेक्का दिन सिफारिश गरिएको कारण समेत खोली पठाउनु पर्नेछ। ऋणदाताले दिइने ठेक्काको बारेमा केही आपत्तिभए सो कारणहरू सहित खुलाई ऋणीलाई रून्तै खबर गर्नेछ। यदि ऋणदाताको मनासिव माफिकको आपत्तिको बावजूद करारनामा स्वीकृत भएमा अथवा यसको शर्तहरू ऋणदाताको सहमति विना निश्चित भै पूर्व आह्वान गरिएको टेण्डरसंग निक्कै भिन्नता देखिन आएमा त्यसपछियो ऋण रकमबाट कुनै पनि खर्च व्यहोरिने छैन। यो करारनामा कार्यान्वियन भएपछि यस्तो करारनामाबाट ऋणको पहिलो भुक्तानी लिनु भन्दा पहिले तुरून्त करारनामाको दुई प्रति ऋणदातालाई पठाइनेछ।

(२) स्थानीय बजारबाट मालसामान र सेवा उपलब्ध गर्दा अपनाइने विधि:– स्थानीय बजारबाट खरीद गरिने उपकरण र मालसामानहरूको सम्बन्धमा ऋणीले ठेक्का दिने बन्दोवस्त गर्नेछ। त्यस्तो ठेक्का दिनुभन्दा पहिले ऋणदातालाई ठेक्काको प्रकृति र मूल्य समेत खुलाई खबर गरिनेछ।

४. सल्लाहसम्बन्धी विधि:– दुई सम्बन्धित पक्षहरूले ऋणको उद्देश्य राम्ररी पूरा होस् भन्ने हेतुले आपसमा सहयोग गर्नेछन्। यस प्रयोजनको लागि दुई सम्बन्धित पक्षहरूले कुनै एक पक्षको अनुरोधमा समय समयमा:

आ–आफ्ना प्रतिनिधिहरूको माध्यमबाट यो सम्झौता अन्तर्गत आ–आफ्नो दायित्व सम्बन्धी कामहरू बारे विचारहरूको आदान–प्रदान गर्नेछन्। साथै यस आयोजनासम्बन्धी प्रशासन, क्रयाकलापहरू र यो ऋणको उद्देश्यहरूसंग सम्बन्धित अरू मामलाहरूमा पनि विचारको आदान–प्रदान हुनेछ;

आयोजनाको कार्यान्वियन सम्बन्धमा र यो ऋणको साधारण वस्तुस्थिति सम्बन्धमा एक पक्षले अर्को पक्षलाई उचित अनुरोध गरेमा आवश्यक सूचना प्रदान गर्ने व्यवस्था गर्नेछ। ऋणीले खासगरी ऋणदाताको प्रतिनिधिहरूलाई आयोजनाको निरीक्षण गर्ने व्यवस्था गर्नेछ। र साथै ऋणबाट उठेको रकमबाट खर्च व्यहोरिएको मालसामानहरूसम्बन्धी रेकर्डहरू तथा कागजातहरू परीक्षण गर्न दिने व्यवस्था गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ऋणीले यो ऋणसंग सम्बन्धित उद्देश्यहरूको लागि यस आयोजनाको कुनै भाग भ्रमण गर्न ऋणदाताका प्रतिनिधिहरूलाई सबै उचित अवसर प्रदान गर्नेछ ।

दुबै सम्बन्धित पक्षहरूले आपसमा यस सम्झौता अन्तर्गत यो ऋणको उद्देश्य पूरा गर्ने सम्बन्धमा, त्यसपछि उक्त आयोजनाको सेवाहरूको सम्भार गर्ने सम्बन्धमा अथवा कुनै पक्षको आफ्नो दायित्व पूरा गर्ने सम्बन्धमा हस्तक्षेप हुन जाने कुनै घटना वा बाधा देखिन आएमा यस्ता घटनाहरूबारे तुरुन्त खबर गर्नेछन् ।

५. खाता खोल्ने र भुक्तानीसम्बन्धी विधि:– ऋणदाताले यो सम्झौता लागू भएपछि तुरुन्तै स्वीस नेशनल बैङ्क, जूरिचमा एउटा "नेपाल विकास ऋण–पूर्वि पहाड सडक आयोजना" नाम गरेको खाता श्री ५ को सरकार अर्थ मन्त्रालयको एजेण्टको रूपमा निश्चित भएको नेपाल राष्ट्र बैङ्कको नाममा खोल्नेछ । यो खातामा एक करोड पचास लाख स्वीस फ्र्यांकको जम्मा गरिनेछ । यस्तो रकम जम्मा गर्दा प्रत्येक २५ लाख स्वीस फ्र्यांकको ६ वार्षिक किस्ताबन्दीमा गरिनेछ र पहिलो किस्ता रकम सम्झौता लागू भएपछि तुरुन्तै जम्मा गर्नु पर्नेछ । बाँकी ५ किस्ताहरू हरेक वर्षको ३० जूनमा जम्मा गर्नु पर्नेछ । जब माथि उल्लेखित भाग ३ अनुसार निर्मित करारनामाको शर्तको अधीनमा यस खाताबाट अर्थ मन्त्रालयले आफ्नो एजेन्ट नेपाल राष्ट्र बैङ्कद्वारा स्वीट्जरल्याण्ड भन्दा बाहिरका देशका आपूर्तिकर्ताहरूलाई भुक्तानी गर्नु पर्दा नेपाल राष्ट्र बैङ्कले स्वीस नेशनल बैङ्कलाई अथवा स्वीस नेशनल बैङ्कले चाहेमा अरू स्वीस बैङ्कलाई अन्य उचित मुद्राहरूमा भुक्तानी गर्न अनुरोध गर्नेछ ।

६. सम्झौता कार्यान्वयन गर्ने उत्तरदायी अधिकारीहरू:– नेपाली पक्षमा अर्थ मन्त्रालय श्री ५ को सरकार, नेपाल, काठमाडौं (केबुल ठेगाना: अर्थ) र स्वीस पक्षमा (केबुल ठेगाना: पोलिटिक वर्न) प्राविधिक सहयोगको लागि स्वीस फेडरल काउन्सिलको प्रतिनिधि यो सम्झौता कार्यान्वयनको लागि जिम्मेवार हुनेछन् ।

यो प्रोटोकल श्री ५ को सरकार, नेपाल र स्वीस महासंघ सरकार बीच १ करोड ५० लाख स्वीस फ्र्यांक श्री ५ को सरकारलाई विकास ऋण दिने बारे आज हस्ताक्षर भएको सम्झौताको एक अभिन्न अङ्ग हो ।

काठमाडौंमा श्रावण २२, २०३१ मा ६ सक्कल प्रतिहरूमा, दुई सक्कल प्रति नेपालीमा, दुई सक्कल प्रति अंग्रेजीमा र दुई सक्कल प्रति फ्रेंचमा हस्ताक्षर भयो । सबै प्रति बराबर मान्य हुनेछन् । तर व्याख्यामा भिन्नता आएमा अंग्रेजी प्रति मान्य हुनेछ ।

| | |
|---|---|
| द. भरतबहादुर प्रधान | द. फ्रिज रियाल |
| श्री ५ को सरकार, नेपालको तर्फबाट | स्वीस महासंघ सरकारको तर्फबाट |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## AGREEMENT

between His Majesty's Government of Nepal and the Government of the Swiss Confederation on a Development Loan 15 million Swiss francs.

His, Majesty's Government of Nepal and the Government of the Swiss Confederation,

Having regard to the friendly relations between the two countries,

Desirous of strengthening these relations through closer cooperation in the field of development,

Intending to further assist in the economic development of the Kingdom of Nepal,

Have agreed as follows:

### Article 1

The government of Swiss Confederation (hereafter called the Lender) shall extend a loan of 15 million Swiss francs (fifteen million Swiss francs) to His Majesty's Government of Nepal (hereafter called the Borrower) for the construction of a road opening up the region East of the Sun Kosi, starting from Lamosangu and leading into the region of Jiri (hereafter called the Project).

It is understood that the Borrower will contribute with a sum of at least 20 million Nepalese Rupees towards the completion of the Project.

### Article 2

The loan shall be used to finance the foreign exchange costs of goods and services and local costs arising out of this Project, as agreed between the Borrower and the Lender.

### Article 3

The loan shall be put at the disposal of the Borrower on the terms of the annexed Protocol which constitutes an integral part of this Agreement.

### Article 4

The Borrower shall pay interest at the rate of 3/4% (three quarter precent) per annum on the amount of the loan proportional to its utilization.

Interest payments fall due on 30th June and 31st December of each successive year, beginning at the close of the term during which the first payment has been made by the Lender.

### Article 5

The Borrower shall repay the loan in eighty half-yearly instalments of 187,500 Swiss francs (one hundred and eighty-seven thousand five hundred Swiss francs) each, due each 30th June and 31st December of successive years, beginning from 30th June 1985.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

If the loan is not fully utilized in accordance with the provisions of Article 10 a revised schedule of repayment shall be established by mutual agreement.

The Borrower shall have the option to refund prematurely, wholly or partially, its debt to the Lender.

**Article 6**

Interest payments and repayments of capital on the loan shall be made in free and effective Swiss francs to the Swiss National Bank for the account of the Swiss Confederation.

**Article 7**

The Borrower shall exempt the Lender from fiscal levies and taxes of whatever kind on or with regard to the loan, as well as on the proceeds of the loan.

**Article 8**

Except as the Borrower and the Lender may otherwise agree, the purchase of capital goods and services required for the Project mentioned under Article 1 of this agreement and to be financed out of the loan shall be made on the basis of international competetion.

The condition laid down under section III of the Protocol of Application shall apply to all supply contracts to be financed out of the loan.

**Article 9**

No proceeds of the loan shall be used for the payment of any taxes (import duties, levies, fees, duties of any nature) imposed under the laws of the Borrower or laws in effect in its territories on goods or services, or on the importation, manufacture, procurement of supply thereof.

**Article 10**

The Borrower may draw on the loan to make payments on contracts related to the Project over a preiod of eight years from the entry into force of this agreement or until such date as agreed between the Contracting Parties.

**Article 11**

Disputes as to the interpretation or application of the provisions of this Agreement which shall not have been settled in a satisfactory way by means of diplomatic negotiations within a period of six months shall, upon the request of either Contracting Party, be submitted to an arbitral tribunal of three members.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Each Contracting Party shall appoint one a bitrator. These two arbitrators shall nominate a third arbitrator as Chairman who shall be a national of a third state.

If either Contracting Party has not appointed its arbitrator and has not followed the invitation of the other Contracting Party to make that appointment within two months, the arbitrator shall be appointed upon the request of that Contracting Party by the President of the International Court of Justice.

If both arbitrators cannot come to an agreement about the choice of a third arbitrator (Chairman), within two months after their appointment, the latter shall be appointed upon the request of either Contracting Party by the President of the International Court of Justice.

If, in the cases specified under paragraph 2 and 3 of this article, the President of the International Court of Justice is prevented from carrying out the said function or if he is a national of either Contracting Party, the appointment shall be made by the Vice-President, and if the latter is prevented or if he is a national of either Contracting Party the appointment shall be made by the next senior Judge of the Court who is not a national of either Contracting Party.

Subject to other provisions made by the Contracting Parties, the tribunal shall determine its procedure, each Contracting Party shall bear one half of the expenses of the arbitral tribunal.

The decisions of the tribunal are final and binding for each Contracting Party.

## Article 12

The Borrower may, by notice to the Lender, cancel any amount of the loan which the Borrower shall not have withdrawn.

In the event of default by the Borrower in the fulfilment of any commitment or obligation under the Agreement, the Lender may suspend, in whole or in part, the right of the Borrower to make withdrawals from the loan.

If the default which entitled the Lender to suspend the Borrower's right to draw against the loan persists beyond a period of sixty days after the Lender's notice to the Borrower of the suspension, the Lender may at any time claim repayment of all withdrawals made from the loan.

## Article 13

Any notices, requests or agreements under this Agreement shall be made in writing to the authorities mentioned under section VI of the annexed Protocol.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**Article 14**

This Agreement shall come into force on the day when both Governments will have notified each other that the constitutional requirements for the entry into force of the Agreement have been completed.

Done at Kathmandu on the August 6, 1974 in six originals, two originals in English, two originals in French and two originals in Nepali, all texts being equally authoritative but in case of differences of interpretation the English text shall prevail.

| | |
|---|---|
| Sd./B.B. pradhan | Sd./Fritz Real |
| For His Majesty's Government of Nepal, | For the Government of the Swiss Confederation. |

**PROTOCOL**

of application of the Agreement between His Majesty's Government of Nepal and the Government of the Swiss Confederation on a development loan of 15 million Swiss francs.

With reference to the Agreement signed to-day between His Majesty's Government of Nepal and the Government of the Swiss Confederation on a development loan of fifteen million Swiss francs to His Majesty's Government of Nepal the two Contracting Parties have agreed as follows:

*I. Use of the loan*

The Borrower shall use the loan for paying the costs of services and goods needed for the construction of a gravel road opening up the region East of Sun Kosi, starting from Lamosangu and leading into the region of Jiri. The important task of the road is not simply to link two or three Economic centers but to serve as a backbone for the integrated development activities in the region. What mattres most is not the speedy transit of people and goods but the well adapted services provided to a coherent area of forests, pastures and farmland. In the construction of road labour-intensive technologies shall be used in order to create, for the benefit of the local population,as many job opportunities as possible. As an indispensable part of the regional concept of the integrated hill development the road project shall be a basis of cooperation between the Government agencies and Panchayats involved.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

*II. List of services and goods financed out of the loan*

*I. Services*

a. Engineering costs covering detailed design and supervision on civil works;

b. Construction costs;

c. Other services connected directly with this Project.

*2. Goods*

Equipments and material necessary for road survey and construction of project.

*III. Procurement procedures as to services and goods financed out of the loan*

1. *Procurement procedures as to services and goods having to be imported*

*a. Services*

With respect to the consultant services required for the execution of the project and defined under section II 1 above the Borrower shall appoint specialized consultants acceptable to the Lender and on terms and conditions satisfactory to the Lender.

*b. Goods*

Before bids are invited, the Borrower shall transmit to the Lender for its comments, the text of the invitations to bid and the specifications and other bidding documents together with a description of the advertising procedures to be followed for the bidding, and shall make such modifications in the said documents or procedure as the Lender shall reasonably request. Any further modification to the bidding documents shall require the Lender's concurrence before it is issued to the prospective bidders. After bids have been received and evaluated the Borrower shall before a final decision on the award is made, inform the Lender of the name of the bidder to whom it intends to award the contract and shall transmit to the Lender, in sufficient time for its review, a detailed report on the evaluation and comparison of the bids received, together with the recommendations for award and the reasons for the intended award. The Lender shall promptly inform the Borrower whether it has any objection to the intended award and shall state the reasons for any objections it may have.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

If the contract should be awarded over the Lender's reasonable objection, or if its terms and conditions should, without the Lender's concurrence, materially differ from those on which bids were asked, no expenditure thereunder shall be financed out of the proceeds of the loan.

Two copies of the contract shall be transmitted to the Lender promptly after its execution and prior to the first withdrawal of funds from the loan in respect of any such contract.

2. *Procurement procedure as to services and goods to be bought locally*

Contracts for equipment or services to be bought locally shall be awarded by the Borrower. Before such awards take place the Lender shall be informed of the nature and values of the contracts.

*IV. Consultation procedure*

The two Contracting parties shall cooperate fully to insure that the purposes of the loan will be accomplished.

To that end the two Contracting Parties shall from time to time, at the request of either Contracting Party:

-exchange views through their representative with regard to the performance of their respective obligations under this Agreement, the administration and operations in respect of the project and other matters related to the purposes of the loan;

-furnish to the other Cntracting Party all such information as it shall reasonably request with regard to the general situation of the loan and the execution of the Project. The Borrower shall in particular enable the representatives of the Lender to inspect the Project, the goods financed out of the proceeds of the loan, and any relevant records and documents.

The Borrower shall afford all reasonable opportunity for representatives of the Lender to visit any part of the Project for purposes related to the loan.

The two Contracting Parties shall promptly inform each other of any condition which interferes with, or threatens to interfere with, the accomplishment of the purpose of the loan, the maintenance of the services thereof or the performance by either of them of its obligation under this Agreement.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

*V. Opening of the Credit and payment procedure:*

The lender shall open, immediately after the Agreement has entered into force, with the Swiss National Bank in Zurich,an account denominated "Nepal Development Loan-Eastern Hill Road Project", in favour of the Nepal Rastra Bank which is designated as the agent of the Ministry of Finance of His Majesty's Government of Nepal. This account shall be credited with fifteen million Swiss francs. The crediting shall take place in six annual instalments of two and a half million Swiss francs each, the first instalment being due immediately after the Agreement has come into force. The five remaining instalments fall due on 30 June of each successive year. When the Ministry of finance through its agent the Nepal Rastra Bank is making payments from this account, under the terms of the contracts executed in accordanc with section III above to suppliers in countries other than Switzerland, the agent shall request the Swiss National Bank or another Swiss bank if the Swiss National Bank so prefers to make payments in other appropriate currencies.

*VI. Authorities in charge of the implementation of the Agreement:*

The Ministry of Finance, His Majesty's Government of Nepal, Kathmandu (cable address: Artha) on the Nepalese side, and the Delegate of the Swiss Federal Council for technical cooperation on the Swiss side (cable address: Politique Berne) will be responsible for the implementation of the Agreement.

This Protocol is an integral part of the Agreement between His Majesty's Government of Nepal and the Government of the Swiss Confederation on a development loan of fifteen million Swiss francs to His Majesty's Government of Nepal signed today.

Done at Kathmandu on the August 6, 1974 in six originals, two originals in English, two originals in French and two originals in Nepali, all texts being equally authoritative but in case of differences of interpretation, the English text shall prevail.

| | |
|---|---|
| Sd/ B.B.Pradha | Sd/ Fritz Real |
| For His Majesty's Government of Nepal. | For the Government of Swiss Confederation. |

आज्ञाले—
बलराम सिंह मल्ल
श्री ५ सरकारको उप-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

298